# द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

लुम्बिनी प्रदेश मुकामः बुटवल ।

# "द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८"

**प्रस्तावना:** लुम्बिनी प्रदेश भित्रका का द्वन्दबाट प्रभावित नागरिकलाई उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप बिकास तथा क्षमता अभिबृद्धि तालिम र वस्तुगत अनुदान प्रदान गर्ने कार्य संचालन तथा व्यवस्थापन गर्नका लागि (पुर्ड्शाङ्गे) सुशासन नियमावली, २०७७ को दफा ९ को उपदफा (१) बमोजिम आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

(३) यो कार्यविधि लुम्बिनी प्रदेश भर लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "द्वन्द प्रभावित" भन्नाले २०५२ फागुन १ गते देखि २०६३ मंसिर ५ गतेसम्म चलेको सशस्त्र द्वन्द, जनआन्दोलन र मधेस आन्दोलनबाट मृत्यु भएका र वेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते, अपांगता भएका व्यक्ति, यातनाबाट शारीरिक तथा मानसिक रुपमा गहिरो असर परेका व्यक्ति तथा नीजका परिवारलाई सम्झनुपर्छ ।

ख) "दुर्गम जिल्ला" भन्नाले रोल्पा र रुकुम पूर्व जिल्लालाई सम्झनुपर्छ ।

ग) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ ।

घ) "संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई प्रशिक्षण कार्य गर्ने अनुमती वा स्वीकृति पाएका संस्थाहरु सम्झनुपर्छ ।

ङ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र जिल्ला समन्वय समिति समेतलाई सम्झनुपर्छ ।

३. **उद्देश्य:** द्वन्दबाट प्रभावित नागरिकलाई उद्यमशिलता, रोजगारी मुलक, सशक्तिकरण, सीप बिकास तथा क्षमता अभिबृद्धि तालिम प्रदान गरी स्वरोजगार र आत्मनिर्भर बन्न मद्दत गर्ने ।

४. **निर्देशक समितिको गठन:** (१) सम्झौता अनुसार तालिम संचालनको जिम्मेवारी प्राप्त संस्थाको काम कारवाही अनुगमन तथा मूल्याङ्कन गर्न र आवश्यक निर्देशन प्रदान गर्न निम्नानुसारको समिति गठन गरिने छ ।

प्रदेश सरकार
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
लुम्बिनी प्रदेश
बुटवल, नेपाल

क) मा. मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -अध्यक्ष

ख) सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य

ग) प्रमुख, प्रशासन तथा योजना महाशाखा -सदस्य

घ) उप सचिव, आर्थिक मामिला तथा सहकारी मन्त्रालय -सदस्य

ङ) प्रमुख, सुरक्षा समन्वय महाशाखा -सदस्य सचिव

५. <u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u> (१) प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिको सिफारिस बमोजिम प्रस्ताव स्वीकृत गर्ने वा पुनर्विचार गर्नका लागि प्रस्ताव छनौट समितिमा फिर्ता पठाउने ।

(२) सम्झौता अनुसार काम भए नभएको विषयमा अनुगमन/मूल्याङ्कन गरी समय समयमा निर्देशन दिने । सम्बन्धित तालिम प्रदायक संस्थाहरुले उक्त निर्देशनको अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।

(३) प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिलाई समय समयमा आवश्यक निर्देशन दिने ।

६. <u>तालिमका क्षेत्रहरु :</u>

(१) आवश्यकता र औचित्यताका आधारमा मन्त्रालयले निम्न किसिमका तालिम संचालन गर्न सक्ने छ ।

| तालिमको प्रकार | समय | कैफियत |
|---|---|---|
| ड्राईभिङ तालिम | ३० दिन | |
| सिलाई, कटाई, बुनाई तालिम | ६० दिन | |
| हाउस वायरिङ तालिम | ६० दिन | |
| ब्यूटी पार्लर तालिम | ४५ दिन | |
| प्लम्बिङ्ग तालिम | ४५ दिन | |
| कुसन तथा खेलौना बनाउने तालिम | २० दिन | |
| पर्यटक पथप्रदर्शक (टुरिष्ट गाइड) | १५ दिन | |
| कुक, वेटर तालिम | ९० दिन | |
| अचार, पापड, फुरनदाना लगायत बनाउने तालिम | ७ दिन | |

| | | |
|---|---|---|
| चुरा, माला, पोते लगायत बनाउने तालिम | १५ दिन | |
| स्थानीय कच्चा पदार्थमा आधारित कोसेली, व्यक्तिगत प्रयोग वा घरेलु रुपमा उपयोग हुने हस्तकलासँग सम्बन्धित तालिम | आवश्यकता अनुसार | |
| निर्देशक समितिले आवश्यक ठानेका अन्य तालिमहरू | | |

(२) तालिमको समयावधि निर्देशक समितिको निर्णयानुसार हेरफेर गर्न सकिनेछ ।

७. <u>तालिमको सूचना प्रकाशन तथा निवेदन संकलन:</u> (१) तालिममा सहभागीताका लागि मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना जारी गर्नेछ । साथै उक्त सूचना स्थानीय एफ.एम. हरुमा प्रशारण गरिनेछ ।

(२) तालिममा सहभागी हुन चाहने व्यक्तिले उपदफा (१) बमोजिम जारी भएको सूचनाको म्यादभित्र अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निवेदन विद्युतिय माध्यम मार्फत समेत दिन सकिनेछ ।

(४) यसरी प्राप्त भएका निवेदन छनौटका मापदण्ड बमोजिम प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिले प्रशिक्षार्थी छनौट गर्नेछ ।

८. <u>प्रशिक्षार्थी छनौटका मापदण्ड:</u> (१) प्रशिक्षार्थी छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन् :-

| क्र.स. | विवरण | अंक भार |
|---|---|---|
| १ | भौगोलिक क्षेत्र | २५ |
| २ | परिवारमा कुनै पनि सदस्यको रोजगारी नभएको | ३५ |
| ३ | यसपूर्व कुनै किसिमको तालिम नलिएको | २० |
| ४ | दलित, जनजाति, अपाङ्ग र महिला भएमा | २० |
| | **जम्मा** | १०० |

(२) प्रदेश भित्रका जिल्लाहरुको माग, आवश्यकता र औचित्यताको आधारमा फरक-फरक तालिम संचालन गर्न सकिनेछ ।

(३) उपदफा (१) को क्र.सं. १ को प्रयोजनको लागि प्रशिक्षार्थि छनौट गर्दा अनुसूची-५ बमोजिमको अंक प्रदान गरिनेछ ।



प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

९. <u>तालिम प्रदायक संस्थाहरुको छनौट:</u> (१) तालिम प्रदायक संस्थाहरू छनौट गर्नको लागी प्रस्ताव पेश गर्न मन्त्रालयले राष्ट्रिय दैनिक पत्रिकामा १५ दिनको सूचना जारी गर्नेछ । साथै उक्त सूचना मन्त्रालयको वेवसाइटमा प्रकाशित गरिनेछ ।

(२) अनुसूचनी-२ र अनुसूची-३ बमोजिमको विवरण खोलि प्राविधिक र आर्थिक प्रस्ताव तोकिएको म्याद भित्र अलग अलग खाममा शिलबन्दी प्रस्ताव पेश गर्नु पर्ने छ ।

(३) तालिम प्रदायक संस्थाहरुले प्राविधिक प्रस्ताव पेश गर्दा देहाय बमोजिमका कागजातहरु संलग्न गनुपर्नेछ ।

(क) संस्थाको विधान

(ख) दर्ता प्रमाणपत्र

(ग) नविकरण गरेको प्रमाणपत्र

(घ) अघिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र

१०. <u>तालिम प्रदायक संस्था छनौटको आधार:</u> (१) तालिम प्रदायक संस्थाको छनौट देहाय बमोजिमको प्राविधक र आर्थिक प्रस्तावको आधारमा हुनेछ :

(क) प्राविधिक प्रस्ताव (७० अंक)

| क्र.स. | विवरण | अंक भार |
|---|---|---|
| १ | आफ्नो उद्देश्य अनुसारको काम गर्न आवश्यक पूर्वाधार भएको | ३० |
| २ | संस्थाको जनशक्तिको योग्यता तथा अनुभव | ४० |

प्राविधिक प्रस्तावको मुल्याङ्कनमा कम्तिमा ७० प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने प्रस्तावकहरुको मात्र आर्थिक प्रस्तावको मुल्याङ्कन गरिनेछ ।

(ख) आर्थिक प्रस्ताव (३० अंक)

११. <u>प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिको गठन:</u> दफा (१०) मा उल्लेखित मापदण्डहरुका आधारमा तालिम प्रदान गर्ने संस्थाको छनौट को लागि निम्नानुसारको समिति रहने छ ।

क) प्रमुख, सुरक्षा समन्वय महाशाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - संयोजक

ख) प्रमुख, प्रशासन तथा योजना महाशाखा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य

प्रदेश सरकार

ख) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा सहकारी मन्त्रालय - सदस्य

ग) कानून अधिकृत, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य

घ) प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य

च) प्रमुख, शान्ति सुरक्षा शाखा - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा तीन जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१२. <u>प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा (७) (२) बमोजिम पेश भएका निवेदनहरू को सम्बन्धमा आवश्यक छानबीन गरी दफा ८ बमोजिमको मापदण्डका आधारमा प्रशिक्षार्थी को छनोट गरी निर्देशक समिति समक्ष सिफारिस सहित पेश गर्ने ।

(२) दफा (९) को उपदफा (२) बमोजिम पेश भएका प्रस्ताव खोली दफा (९) को उपदफा (३) बमोजिमका कागजात भए नभएको जाँच गर्ने ।

(३) दफा (९) को उपदफा (३) बमोजिमका कागजातहरू संलग्न भएका प्रस्तावहरू मूल्याङ्कन गर्ने ।

(४) उपदफा (३) बमोजिम मुल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही देखिएको संस्थालाई छनौटको लागि निर्देशक समिति संमक्ष सिफारिस गर्ने ।

(५) मन्त्रालय तथा निर्देशक समितिले समय समयमा दिएका निर्देशन अनुसारका काम गर्ने।

१३. <u>सम्झौता गर्नेः</u> दफा (५) को उपदफा (१) बमोजिम स्वीकृत भएका प्रस्तावका प्रस्तावकहरु सँग मन्त्रालयले निश्चित समयका लागि अनुसुची-१ को ढाँचामा सम्झौता गर्नेछ ।

१४. <u>सम्झौता रद्ध गर्न सकिनेः</u> तालिम प्रदायक संस्था सँग गरिएको सम्झौता देहायको अवस्थामा मन्त्रालयले रद्द गर्न सक्नेछ ।

क) कुनै तालिम प्रदायक संस्थाले सम्झौता अनुसार तालिम प्रदान नगरेमा ।

ख) निर्देशक समितिले दिएको निर्देशन पालना नगरेमा ।

१५. सरकारी निकायद्वारा गर्न सकिनेः दफा (१०) (११)(१२) र(१३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सरकारी निकाय द्वारा तालिम सञ्चालन गराउन उपयुक्त देखिएमा उक्त निकायद्वारा तालिम सञ्चालन गराउन कुनै बाधा पर्ने छैन ।

प्रदेश सरकार लुम्बिनी प्रदेश आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय बुटवल, नेपाल

१६. रकम निकासा र कार्यप्रगति विवरणः (१) स्वीकृत रकम सम्झौता भएपछि शुरुमा बढिमा २० प्रतिशत रकम पेश्की दिन सकिनेछ, कार्य सम्पादनको प्रगतिको आधारमा दोस्रो किस्ता वापत पहिलो किस्ताको पेश्की रकम कटौती गरी बिलको बाँकी ४० प्रतिशत सम्म रकम भुक्तानी गरिनेछ कार्यसम्पन्न भई सम्पुर्ण विल भरपाईहरु तथा प्रतिवेदन मन्त्रालय समक्ष पेश भएपछि मात्र विल र सम्झौता बमोजिम बाँकी रकम भुक्तानी गरिनेछ ।

(२) प्रस्ताव छनौट तथा कार्यक्रम व्यवस्थापन समितिले कार्यक्रम संचालनको प्रतिवेदन निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) तालिम प्रदायक संस्थाले आफुले गरेको कार्यको प्रमाण पुग्ने सामाग्री सहित कार्यप्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(४) रकम निकासा तथा भुक्तानी सम्बन्धी अन्य व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

१७. तालिम सम्बन्धी अन्य व्यवस्थाः (१) तालिम प्रदान गर्नको लागि आवश्यकता र औचित्यताको आधारमा निर्देशक समितिद्वारा उपयुक्त स्थान छनौट गरिनेछ ।

(२) प्रत्येक तालिममा बढीमा २५ जना प्रशिक्षार्थी छनौट गरिनेछ ।

(३) तालिमको प्रकृति अनुरुप आवासीय तालिमको व्यवस्था गर्न सकिनेछ ।

(४) उपदफा (३) बमोजिमको आवासीय व्यवस्था तालिम प्रदायक संस्थाबाट कम्तिमा २० कि.मि. टाढाको दुरीमा बसोबास गरेका प्रशिक्षार्थीलाई उपलब्ध गराइनेछ ।

(५) आवासिय व्यवस्था सम्बन्धमा आर्थिक मामिला तथा योजना मन्त्रालयले तोकेको "सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी कार्यविधि, २०७५" बमोजिम हुनेछ ।

१८. तालिम कार्यक्रमको उद्देश्य प्राप्तिको लागि वस्तुगत अनुदान सहितको तालिम कार्यक्रम संचालन गर्न अन्य सरकारी निकायसँग सहकार्य गर्न सकिनेछ ।

१९. विविधः एकै परिवारका एकभन्दा बढि उम्मेदवार भएमा एकजनाले मात्र सो तालिममा भाग लिन पाउनेछ । तर, उम्मेदवारको संख्या पच्चीस भन्दा कम भएमा एकै परिवारका अन्य सदस्यले पनि तालिममा भाग लिन पाउनेछन् ।

२०. संसोधन एंव हेरफेरः मन्त्रालयले आवश्यकता ठानेमा कार्यविधिमा संसोधन तथा हेरफेर गर्न सक्ने छ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश

२१. <u>खारेजी र वचाउः</u> (१) द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देर्शिका, २०७६" खारेज गरिएको छ ।

(२) यस अघि "द्वन्द प्रभावित स्वरोजगार कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देर्शिका, २०७६" बमोजिम गरिएका काम यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

अनुसुची - १

दफा १३ सँग सम्बन्धित

प्रदेश सरकार

लुम्बिनी प्रदेश

**आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, मुकामः बुटवल**

**करार सम्झौता**

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय र ..................... बिच द्वन्द प्रभावित व्यक्तिहरूलाई तालिम उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।

हामि यस सम्झौताका दुइ पक्ष प्रदेश सरकार, लुम्बिनी प्रदेश, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, बुटवल नेपाल (यसपछि यस लिखतमा प्रथम पक्ष भनिएको, र ..................................( यसपछि यस लिखतमा दोस्रो पक्ष भनिएको, का बीचमा तल लेखिएका शर्तका आधारमा यो करार गर्न मन्जुर भई दुवै पक्षले सहि छाप गरी एक/एक प्रति बुझि लियौं र दियौं ।

(क) स्वरोजगार बन्न चाहने द्वन्द प्रभावित व्यक्तिहरुलाई मन्त्रालयले तोकेको तालिम दोस्रो पक्षले उपलब्ध गराउनु पर्ने छ ।

(ख) यस्तो तालिम यसै आर्थिक वर्ष भित्र गरिसक्नुपर्नेछ ।

(ग) दोश्रो पक्षले नियमानुसार हिसाब किताब राखी अन्तिम लेखा परीक्षण गराई सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

(घ) तालिम सँग सम्बन्धित सामाग्री खरिद गर्दा दोश्रो पक्षले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम खरिद गरी उपलब्ध गराउनुपर्नेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>
आन्तरिक मामिला तथा सञ्चार
मन्त्रालय लुम्बिनी प्रदेश, मुकामः बुटवल
नामः
पदः
साक्षीहरूः
१.
२.

<u>दोस्रो पक्षको तर्फबाट</u>
..........................
नामः
पदः

मिति २०७६ साल...........महिना.........गते............रोज शुभम् ।

नोटः आवश्यकता अनुसार दुवै पक्षको सहमतिले करारका शर्तहरू थपघट हुन सक्नेछन् ।

८

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

अनुसूची - २

दफा ९ सँग सम्बन्धित

प्रदेश सरकार

लुम्बिनी प्रदेश

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, मुकामः बुटवल

(तालिम सञ्चालन अनुमतिका लागि प्राविधिक प्रस्ताव)

१. संस्थाको नाम र ठेगाना :
२. दर्ता नं. र दर्ता गरेको निकाय :
३. तालिम दिन चाहेको क्षेत्र/विषय :
४. तालिम सञ्चालन गर्ने स्थान र मिति :
५. तालिम दिने प्रशिक्षकको :

| नाम | ठेगाना | योग्यता | अनुभव | तालिम प्रदान गर्ने क्षेत्र / विषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

६. हालसम्म तालिम सञ्चालन गरेको छ /छैन ।
७. छ भने कस्तो किसिमको तालिम हो खुलाउने :
८. निवेदनसंग संलग्न गरिएका संस्थाको आधिकारिकतासँग सम्बन्धित कागजातहरु र अन्य कागजातहरु :

(क)

(ख)

(ग)

(घ)

<u>निवेदकको</u>

सम्पर्क व्यक्तिको नाम र दस्तखत :

संस्थाको नाम :

फ्याक्स नं. :

ठेगाना :

सम्पर्क नं. :

वेबसाईट :

ईमेल :

संस्थाको छाप :

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

अनुसूची - ३

दफा ९ सँग सम्बन्धित

**प्रदेश सरकार**

**लम्बिनी प्रदेश**

**आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, मुकामः बुटवल**

(तालिम सञ्चालन अनुमतिका लागि आर्थिक प्रस्ताव)

१. संस्थाको नाम र ठेगाना :

२. दर्ता नं. र दर्ता गरेको निकाय :

३. तालिम दिन चाहेको क्षेत्र/विषय :

४. तालिम सञ्चालन गर्ने स्थान र मिति :

५. तालिम सञ्चालनको लागि प्रस्ताव गरेको न्यूनतम लागत:

<u>निवेदकको</u>

सम्पर्क व्यक्तिको नाम र दस्तखत :

संस्थाको नाम :

फ्याक्स नं. :

ठेगाना :

सम्पर्क नं. :

वेबसाईट :

ईमेल :

संस्थाको छाप :

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मामिला तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल

अनुसूची - ४

प्रदेश सरकार

लुम्बिनी प्रदेश

**आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, मुकाम: बुटवल**

<u>तालिम लिन चाहने व्यक्तिले भर्ने</u>

यस मन्त्रालयबाट ......... कार्यक्रम अर्न्तरगत स्वरोजगार तालिमका लागि मिति ............ को पत्रिकामा जारी भएको सूचना बामोजिम तालिम लिन ईच्छुक भएकोले माग भएको देहाय बमोजिम को विवरण सहित यो निवेदन पेश गरेको छु ।

१. नाम :

२. ठेगाना :

३. द्वन्द पिडितको प्रकार र प्रमाण कागजात

४. तालिम लिन चाहेको क्षेत्र/विषय :

५. तालिम लिन चाहेको स्थान र मिति :

६. हालसम्म कुनै तालिम लिएको छ /छैन :

७. छ भने कस्तो किसिमको तालिम हो खुलाउनु होस् :

८. निवेदनसंग संलग्न गरिएका सम्बन्धित कागजातहरु र अन्य कागजातहरु :

(क)

(ख)

(ग)

(घ)

९. सम्पर्क नं. :

१०. रोजगारीको अवस्था : हाल रोजगार वा वेरोजगार रहेको, रोजगार भएमा के काम गरिरहेको ?

अनुसूची - ५

दफा ८ को उपदफा (२) सँग सम्बन्धित

प्रदेश सरकार

लुम्बिनी प्रदेश

आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय, मुकामः बुटवल

छनौट समितिले द्वन्द प्रभावित हरुको स्थायी बसोबासको आधारमा निम्नानुसार अंक प्रदान गर्न सक्नेछ।

| सि.नं. | जिल्ला | अंक |
|---|---|---|
| १ | रुकुम पूर्व | २५ |
| २ | रोल्पा, वर्दिया | २२ |
| ३ | गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, बाँके | १८ |
| ४ | दाङ, कपिलबस्तु, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही | १५ |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय
मुकामः बुटवल, नेपाल